आज मिति २०७५ साल मंसिर महिना ३ गते सोमबारका दिन विहान ८.०० बजे यस तुर्माखाँद गाउँपालिकाका अध्यक्ष श्री पुष्पराज शर्मा ज्यू को अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक बसी तपसिल बमोजिमको प्रस्तावहरु माथि छलफल गरि निर्णय गरियो ।

| **क्र.स.** | **नाम थर** | **पद** | **हस्ताक्षर** |
|---|---|---|---|
| १ | पुष्पराज शर्मा | अध्यक्ष | |
| २ | लालबहादुर मल्ल | प्र. प्रशासकीय अधिकृत | |
| ३ | शुभराज जैसी | सदस्य | |
| ४ | पदमबहादुर वि.सी. | सदस्य | |
| ५ | कविराम बयक | सदस्य | |
| ६ | मुक्तिनाथ उपाध्याय | सदस्य | |
| ७ | रतनबहादुर चलाउने | सदस्य | |
| ८ | चक्र प्रसाद धमाला | सदस्य | |
| ९ | दमनबहादुर घर्ति | सदस्य | |
| १० | धर्मि देबी बुढा | सदस्य | |
| ११ | दुरा देबी बयक | सदस्य | |
| १२ | अनुजा कुमारी सिजापती (विष्ट) | सदस्य | |
| १३ | बुद्धि कामी | सदस्य | |
| १४ | प्रेमबहाहदुर बुढा | ना.सु. योजना तथा अनुगमन शाखा | आमन्त्रित |
| १५ | प्रतापबहादुर शाही | लेखापाल | ,, |
| १६ | भीमबहादुर चलाउने | सा.सु.तथा पंजिकरण शाखा | ,, |

**प्रस्तावहरु**

१) आ.व. २०७४।०७५ को योजनाको समिक्षा र नयाँ उपभोक्ता समितिको अभिमुखीकरण कार्यक्रम संचालन सम्बन्धमा ।

२) खेलकुदमा सहभागिता र मेलाको खर्च व्यबस्थापन सम्बन्धमा ।

३) विद्यालय, बन र सहकारीको अनुगमन सम्बन्धमा ।

४) सामाजिक सुरक्षा अध्यावधिक तथा लागत संकलन सम्बन्धमा ।

१) प्रस्ताव नं. १ माथी छलफल गर्दा यस गाउँपालिकाको आ.व. २०७४।०७५ मा संचालन भएका योजनाहरुको समिक्षाका लागि प्रत्येक वडामा निर्बाचित पदाधिकारी लगायत सरोकारवाला आम समुदायको सहभागितमा गर्ने निर्णय गरियो  साथै आ.ब. २०७५।०७६ मा यस गाउँपालिकाबाट स्वीकृत भएका योजनाहरुको कार्यान्वयनका लागि प्रत्येक वडामा गठित उपभोक्ता समितिहरुलाई अभिमुखीकरण कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

२) प्रस्ताव नं. २ माथि छलफल गर्दा यस जिल्लाको विभिन्न ठाउँमा संचालन भएका खेलकुदहरुमा भएको खर्च र यस गाउँपालिका भित्र संचालन भएका वा हुने मेला, जात्रा व्यबस्थापनका लागि भएको खर्च आवश्यक विधि प्रकृया बमोजिम भुक्तानी दिने निर्णय गरियो ।

३) प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस गाउँपालिका अन्तर्गत रहेका सामुदायिक विद्यालय, बन र सहकारीहरुको नियमित अनुगमन गर्ने र अनुगमन गर्दा देखिएका समस्याहरुको निरकरणका लागि आबश्यक पहल कदम गर्ने निर्णय गरियो ।

४) यस गाउँपालिकाका  सामाजिक सुरक्षा प्राप्त गर्ने लाभग्राहीहरुको विवरण अध्यावधिक गर्ने र छुटफुट भएका र सामाजिक सुरक्षाको लाभ प्राप्त गर्ने व्यक्तिहरुको विवरण संकलन गरी आबश्यक कार्य अगाडी बढाउने निर्णय गरियो ।